नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

मितिः :- २०८२/०२/०२

## चिकित्सा शिक्षा स्नातक तहका लागि इजिप्ट सरकारबाट प्राप्त छात्रवृत्तिमा अध्ययनका लागि उम्मेदवार छनौट गर्ने अनलाइन आवेदन माग गरिएको सूचना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, छात्रवृत्ति शाखाको च.नं. १४५ मिति २०८२/०१/२६ गतेको प्राप्त पत्रानुसार इजिप्ट सरकारले नेपाली विद्यार्थीलाई शैक्षिक वर्ष २०२५/२६ का लागि चिकित्सा शिक्षा स्नातक तहको **MBBS** शैक्षिक कार्यक्रममा अध्ययनको लागि छात्रवृत्तिको देहाय बमोजिमको सिट प्राप्त भएको र सोका लागि उम्मेदवार छनौट गरी पठाउन लेखी आएकोले देहायबमोजिमका योग्यता पूरा भएका इच्छुक नेपाली उम्मेदवारहरूले मिति २०८२/०२/०२ गतेदेखि मिति २०८२/०२/०९ गते अपरान्ह ३:०० बजेभित्र आफ्नो प्रोफाइलमार्फत् देहायअनुसार प्रक्रिया अपनाई अनलाइन आवेदन दिनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### (क) प्राप्त सिट र समूहगत विभाजन

वि.सं २०७७ सालदेखि हालसम्म वितरण गरिएको छात्रवृत्तिका खुला तथा आरक्षित सिटलाई आधार मानी राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधन सहित) को नियम २० को उपनियम (१०) बमोजिम हिसाव गरी प्राप्त सिटलाई देहायबमोजिम समूहगत विभाजन गरिएको छ ।

| क.सं. | कार्यक्रम | प्राप्त सिट | समुहगत विभाजन |
|---|---|---|---|
| १ | MBBS | १ | खुला |

### (ख) उम्मेदवारको न्युनतम योग्यता र छनौटका आधारहरू

१. चिकित्सा शिक्षा स्नातक तहको MBBS शैक्षिक कार्यक्रमको पछिल्लो एकीकृत प्रवेश परीक्षा (MECEE-BL 2025) को नतिजाको योग्यतासूचीमा रहेको,
२. वैदेशिक अध्ययन अनुमतिपत्र नलिएको,
३. वैदेशिक छात्रवृत्तिमा मनोनयन नभएको,
४. कुनै पनि शैक्षिक कार्यक्रममा भर्ना नभएको,
५. यसै सूचनामा संलग्न इजिप्ट सरकारको छात्रवृत्ति छनौटसम्बन्धी मापदण्डहरु पूरा भएको ।

### (ग) अनलाइन आवेदन दिने प्रक्रिया

१. एकीकृत प्रवेश परीक्षाको नतिजाको योग्यताक्रममा रहेका उम्मेदवारले चिकित्सा शिक्षा आयोगको वेबपोर्टल **https://entrance.mec.gov.np** मा ब्राउज (**browse**) गरी **Login** बटनमा क्लिक गरी आफ्नो प्रोफाइल

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

**Login** गर्नु पर्नेछ ।

२. आफ्नो प्रोफाइलमा रहेको **Application** मेन्यूमा **MECEE-BL 2025** को **View Details** मा क्लिक गर्नु पर्नेछ । **MBBS** कार्यक्रमको **Action Column** मा रहेको **Apply for Egypt (MECEE-BL 2025/26)** को छेउमा रहेको **Apply** बटनमा क्लिक गरी **Yes Submit application** बटनमा क्लिक गरी फाराम **Submit** गर्नु पर्नेछ ।

### (घ) उम्मेदवार छनौट र छनौटपछिको प्रक्रिया

१. आवेदन दिएका योग्य उम्मेदवारहरुमध्ये स्नातक तहको एकीकृत प्रवेश परीक्षा (MECEE- BL 2025) को MBBS कार्यक्रमको योग्यताक्रमको आधारमा चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७९ बमोजिम कम्प्यूटर प्रणालीबाट मिति २०८२।०२।११ गते म्याचिङ गरी उम्मेदवार छनौट गरिनेछ ।

२. छात्रवृत्तिका लागि चिकित्सा शिक्षा आयोगबाट सिफारिस मात्र हुने हो । सिफारिस भएपछि सम्वन्धित मन्त्रालयहरू र इजिप्ट सरकारले निर्धारण गरेका आवश्यक सम्पूर्ण प्रक्रियाहरू र यसै सूचनामा संलग्न इजिप्ट सरकारको छात्रवृत्ति छनौटसम्बन्धी मापदण्डहरू उम्मेदवार स्वयंले पूरा गर्नुपर्ने छ। अतः सूचनामा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र परराष्ट्र मन्त्रालयको पत्रका साथै सो सँगै रहेका छात्रवृत्तिसम्बन्धी व्यवस्थाहरु तोकिएको समयभित्र उम्मेदवार स्वयंले पुरा गर्नुपर्ने भएकाले सूचनामा उल्लेखित व्यवस्थाहरू पूर्णरुपमा अध्ययन गरी समयमै आवश्यक कागजात तथा प्रक्रियाहरू पूरा गरी आवेदन गर्नुपर्नेछ ।

३. छात्रवृत्तिमा छनौट भएपश्चात् आवश्यक प्रक्रिया पुरा नगरी सिट रिक्त रहने अवस्था सिर्जना हुन गएमा उम्मेदवारलाई प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

### (ख) देहायको क्युआर कोड (QR code) प्रयोग गरेर आवेदन गर्न सकिनेछ ।

**Profile Log-in Portal MBBS Program**

२०८२।०२।०२
अर्जुन ढकाल
उपसचिव

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
पश्चिम एशिया शाखा
सिंहदरबार, काठमाण्डौं

प.सं. :- ०८१/८२
च.नं. :- CAWAA/WA/७३११

मिति :- वि.सं. २०८१/११/१[illegible]
ने.सं. : ११४५ सिल्ला ११ [illegible]

विषय: इजिप्टमा अध्ययनको लागि छात्रवृत्ति सम्बन्धमा ।

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौं।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०२५-२६ को लागि इजिप्टमा अध्ययन गर्न चाहने नेपाली विद्यार्थीलाई उपलब्ध हुने छात्रवृत्तीको जानाकारी गराउदै काठमाडौंस्थित ईजिप्टको राजदूतावासको Ref.No.MFA17/2025 मिति २० फेब्रुअरी २०२५ को कूटनीतिक नोट जानकारी तथा आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ।

उत्तम घिमिरे।
शाखा अधिकृत

श्री उच्च शिक्षा महाशाखा

श्री छात्रवृत्ति शाखा

EMBASSY OF
[THE] ARAB REPUBLIC OF EGYPT
KATHMANDU

V.S.
please do the needful
11.9.208[illegible]

[N]o. MFA 17/2025

The Embassy of the Arab Republic of Egypt presents its compliments to the Ministry of Foreign Affairs, Government of Nepal, and has the honour to inform on the scholarships opportunities allocated for Nepali students for the academic year 2025/2026, as follows:

**A) Al-Azhar Scholarships**

| Al-Azhar Al-Sharif | Institutes | Graduate students | | Postgraduate Students | Arabic Studies |
|---|---|---|---|---|---|
| | | Theological Studies | Arts & Science Degrees | | |
| Number of Scholarship Slots | 5 | 15 | - | Request गर्ने | |

**B) Scholarships awarded from the Egyptian Ministry of Higher Education**
(Only 25 % of the awarded scholarships are allocated for the following majors (Medicine - Engineering - Computer Science).

| Higher Education | Graduate students | Postgraduate Students | Arabic Studies |
|---|---|---|---|
| Number of Scholarship Slots | 3 | 6 | 2 |

Noting that the nominated students are advised to view the Information Note on Scholarships awarded from the Egyptian Ministry of Higher Education and complete their application online via the Study-in-Egypt platform website: https://admission.study-in-egypt.gov.eg

The Embassy kindly requests the esteemed Ministry's assistance in disseminating the aforementioned information among the relevant authorities, and looks forward to the submission of nominations, no later than the end of August, 2025

The Embassy of the Arab Republic of Egypt avails itself of this opportunity to renew to the Ministry of Foreign Affairs, Government of Nepal, the assurances of its highest consideration.

N.E.

20 February 2025

Ministry of Foreign Affairs
- Central Asia, West Asia and Africa Division
Kathmandu

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

०१ ६६३५४४२

छात्रवृत्ति शाखा

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०८१।८२
चलानी नं.:- १४५

मिति २०८२/०१/२६

विषयः Egypt अन्तर्गत शैक्षिक सत्र २०२५ का लागि विद्यार्थी छनौट गरी पठाईदिने सम्वन्धमा।

श्री चिकित्सा शिक्षा आयोग ,
सानोठिमी, भक्तपुर।

प्रस्तुत विषयमा परराष्ट्र मन्त्रालय प सं ०८१।०८२ च नं CAWAA/WA/7911 मिति २०८१।११।१२ को पत्रसाथ प्राप्त इजिप्टमा अध्ययनको लागि मिति 20th February,2025 को Embassy of the Arab Republic of Egypt को कुटनितीक नोट सहित नेपाली विद्यार्थीकोलागि शैक्षिक वर्ष २०२५।२६ का लागि चिकित्सा शिक्षा अन्तर्गत Bachelor तर्फ MBBS विषयमा १ (एक) र Post Graduate तर्फ २ मध्ये Radiology विषयमा १(एक) जना र Internal Medicine विषयमा १ जना गरी जम्मा ३ जना विद्यार्थी छनोट गरी मिति २०८२ साल जेठ १४ गते सम्ममा यस शाखामा आईपुग्ने गरी पठाईदिनुहुन मन्त्रालयको मिति २०८२।०१।२४ को निर्णयानुसार अनुरोध छ ।

२०८२।१।२६
कुमार बस्नेत
उपसचिव

श्री सदस्य-सचिव

चिकित्सा शिक्षा आयोग
दर्ता नं.: १३९९
मिति: २०८२।१।२६